# बालिका जन्म प्रोत्साहन मापदण्ड, २०८१

स्थानीय सरकार

कोटहीमाई गाउँपालिका

रुपन्देही ।

२०८१

# <u>बालिका जन्म प्रोत्साहन मापदण्ड, २०८१</u>

राजपत्रमा प्रकाशित मितिः २०८१/०१/१३

**पृष्ठभूमि :**

कोटहीमाई गाउँपालिकाका बालिकाहरुको आर्थिक सामाजिक सुरक्षाको लागि बाल विवाह तथा लैंगिक हिंसा अन्त्य गर्न, भ्रूण हत्यालाई निरुत्साहित गर्न, पोषण अवस्थामा सुधार ल्याउन र संस्थागत सुत्केरी दरमा वृद्धि गरी बालिकाहरुको स्वास्थ्य अवस्थामा सुधार ल्याउन बनाइएको बालिका जन्म प्रोत्साहन मापदण्ड, २०८१ स्वीकृत गरी जारी गरिएको छ ।

१. बालिका जन्म प्रोत्साहन बापत गाउँ विकास योजनाको स्वीकृत बजेटमा विनियोजित रकमबाट रु ५ हजारको दरले उपलब्ध गराईनेछ।

२. **न्युनतम मापदण्डः**

यो प्रोत्साहन रकम पाउनको लागि संस्थागत सुत्केरी भएको संस्थाले दिएको Birth Certificate को आधारमा वडा कार्यालयमा रहेका स्थानीय पन्जिका अधिकारीले ३५ दिन भित्र जन्म दर्ताको प्रमाण पत्र जारी गरेको हुनुपर्ने छ ।

<u>आवश्यक कागजातः</u>

- यस पालिकाको स्थायी बासिन्दा रहेको प्रमाण
- जन्मदर्ताको प्रतिलिपि
- संस्थागत सुत्केरी भएको संस्थाले दिएको Birth Certificate को प्रतिलिपि
- आमा बाबुको नागरिकताको प्रतिलिपि
- सम्बन्धित वडाको सिफारिस
- भुक्तानी दिन संरक्षकको खाताको विवरण

३. **निवेदन प्रक्रियाः** अभिभावक वा संरक्षकले अनुसूची १ बमोजिमको निवेदन पेश गर्नुपर्ने छ ।

४. **भुक्तानी प्रक्रिया :** बालिकाको अभिभावक वा संरक्षकको बैंक खातामा रकम भुक्तानी हुनेछ ।

अनुसूची-१

स्थानीय तहमा दिईने निवेदनको ढाँचा

बालिकाको फोटो

अभिभावक वा संरक्षकको फोटो

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
कोटहीमाई गाउँकार्यपालिकाको कार्यालय,
मझगावां, रुपन्देही।

विषयः प्रोत्साहन सम्वन्धमा ।

प्रस्तुत विषयमा कोटहीमाई गाउँपालिकाको बालिका जन्म प्रोत्साहन कार्यक्रममा सहभागी हुन मञ्जुर भई आवद्धताका लागि यो निवेदन पेश गरेको छु।

बालिकाको नामः

जन्म मितिः जन्मदर्ता नः

जन्मदर्ता मितिः बाबुको नामः

बाजेको नामः आमाको नामः

यस कार्यक्रममा सहभागी हुन निम्न शर्तहरु पालना गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

१. प्रचलित कानूनको अधिनमा रही बालिकाको उमेर २० वर्ष पूरा नभएसम्म विवाह गराउने छैन।

२. म छोराछोरी बीच लालनपालन, हेरचाह, शिक्षादिक्षा, औषधी उपचार र संरक्षणमा कुनै असमान व्यवहार गर्ने छैन ।

३. कार्यक्रमका शर्त, नियम तथा निर्देशन र प्रतिवद्धता बाहिर अन्य कुनै सेवा र सुविधाको दावी गर्ने छैन ।

४. यो मापदण्ड वमोजिम प्राप्त हुने रकम बालिकाको क्षमता विकासका कार्यमा खर्च गर्न प्रोत्साहित गरी निजको उज्जवल भविष्य निर्माणमा पूर्ण सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

आवेदनमा पेश भएको व्यहोरा र कागजातहरु साँचो हुन्। झुठ्ठा ठहरे कानून वमोजिम सहुँला बुझाउँला ।

अभिभावक/ संरक्षकको:

हस्ताक्षरः ठेगानाः

नामः.

मितिः